नेपाल सरकार

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**आर्थिक प्रशासन शाखा**

फो.नं.
४२००२८१
४२००५०५
सिंहदरबार, काठमाण्डौं


पत्र संख्याः- २०७५/७६
चलानी नम्बरः- ६५५

मितिः- २०७५।१०।११

विषयः- **खाता सञ्चालन सम्बन्धमा ।**

श्री जिल्ला समन्वय समितिको कार्यालय,
(सबै) ।

प्रस्तुत विषयमा **"जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५"** बमोजिम तहाँ रहेका विभिन्न खाताहरुलाई एकीकृत गरी खाता सञ्चालन गर्नुपर्ने भएको हुँदा कुन खातामा मौज्दात कोषको रकम एकीकृत गरी खाता सञ्चालन गर्ने सम्बन्धमा आवश्यक निर्देशनका लागि विभिन्न जिल्ला समन्वय समितिको कार्यालयबाट अनुरोध भई आएको सम्बन्धमा नेपाल सरकार (सचिव स्तर) को मिति २०७५।१०।०८ को निर्णयानुसार तपशिल बमोजिम जिल्ला समन्वय समितिको कोषमा जम्मा भएको रकम तोकिएको बैंक खातामा जम्मा गरि खाता सञ्चालन गर्न हुन अनुरोध छ ।

१. चालु आ.व.मा ब.उ.शि.न.. ३६५८०१३ जिल्ला समन्वय समिति अनुदानमा पठाइएको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा भुक्तानी आदेश पठाई TSA System बाट भुक्तानी गर्ने ।
२. कर्मचारी कल्याण कोष बाहेक जिल्ला समन्वय समितिमा भएका सबै कोष खाताहरु, विशेष कोष खाता एवं अन्य खातामा मौज्दात रहेका सबै रकमहरु सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको ख - ६ विविध खातामा ट्रान्सफर गरी सोही खाताबाट आम्दानी र खर्च गर्ने ।
३. जिल्ला समन्वय समितिले प्राप्त गर्ने सबै किसिमका आम्दानीहरु ख-६ विविध खातामा जम्मा गरी कारोबार गर्ने ।
४. जिल्ला समन्वय समितिलाई यस आ.व. एवं आगामी आ.व. मा सङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम लगायत मौज्दात कोष सञ्चालन निर्देशिकाको बुँदा नं. १३ (२) बमोजिममा प्राप्त हुने प्रशासनिक खर्च, कन्टेन्जेन्सी बापतको रकम समेत ख- ६ विविध खातामा जम्मा गरी खर्च गर्ने त्यसरी प्राप्त रकम खाता (Ledger) मार्फत नियन्त्रण गर्ने ।
५. जिल्ला समन्वय समितिमा रहेका धरौटी ग -३ मौज्दात समेत कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटी खातामा सारी कारोबार सञ्चालन गर्ने ।

२०७५/१०/११

**बसन्त राज पौडेल**
**लेखा अधिकृत**

**बोधार्थः-**

१. श्री महालेखा नियन्त्रक कार्यालय,
अनामगर, काठमाण्डौः- उपरोक्त बमोजिम हुन सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई परिपत्र गर्ने व्यवस्था हुन ।
२. श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारः- website मा upload गरिदिनु हुन ।